भगवानपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भगवानपुर, सिराहा
मधेश प्रदेश, नेपाल

# करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८०।०४।१६)

भगवानपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको विभिन्न शाखामा रहने गरी तपसिलको संख्या र योग्यता भएको स्वास्थ्यकर्मी, प्राविधिक/अप्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको दरखास्त फाराम, दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.bhagwanpurmun.gov.np बाट उपलब्ध हुनेछ ।

| क्र. सं. | विज्ञापन नं. | पद नाम | तह | संख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २४/२०८०/८१ | ल्याब असिषटेन्ट | सहायक चौथो | १ | ५००।- | |
| २. | २५/२०८०/८१ | हलुका सवारी चालक | श्रेणीविहिन | १ | ५००।- | |
| ३. | २६/२०८०/८१ | सहायक लेखापाल (विद्यालय कर्मचारी) | सहायक चौथो | १ | ५००।- | |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

(१) उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ।

(२) न्यूनतम शैक्षिक योग्यताः

क. ल्याब असिषटेन्टको हकमा

- मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाण पत्र तह उत्तीर्ण भएको।

ख. हलुका सवारी चालकको हकमा

- सम्बन्धित सवारी साधनको सवारी चालक अनुमती पत्र प्राप्त गरेको।

ग. सहायक लेखापाल (विद्यालय कर्मचारी)को हकमा

- मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन, श्रेस्ता वा ऐच्छिक लेखा विषय लिई प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण गरेको।

(३) उमेरः सम्पूर्ण पदहरुको हकमा १८ वर्ष पूरा भै ४५ वर्ष ननाघेको।

(४) अन्य प्रचलित कानुनबाट अयोग्य नठहरिएको।

२. आवेदन दिने अन्तिम मितिः- २०८०।०४।३० गते कार्यालय समयसम्म।

३. आवेदन दिने तरिकाः- बुँदा नं. ४ मा उल्लेख भएका कागजातहरु एवं तोकिएको शुल्क यस गाउँपालिकाको राजश्व शाखामा जम्मा गरी भौचर संलग्न राखी स्वयं उपस्थित भई आवेदन दिने।

४. दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

५. तलब स्केल र भत्ताः- गाउँ कार्यपालिकाले तोके बमोजिम।

६. करार अवधिः- २०८१ असार मसान्तसम्म। कार्य सम्पादन संतोषजनक भएमा करार थप गर्न सकिनेछ।

७. थप जानकारीको लागि सम्पर्क नं. र इमेल ठेगानाः- गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा, ९८५२८५८००१, bhagwanpurgaupalika@gmail.com

८. छनौट प्रक्रियाः-

- प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्णय गरे बमोजिम।

९. सूचनामा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

चन्द्र नारायण चौधरी
प्रमुख प्रशासकीय अधिकृत

१०. मिति २०८०/०४/१५ गते गरिएको विज्ञापन नं. ११/२०८०/८१ शिक्षक नि. मा. वि. (सामाजिक) मा संख्या-१ (एक) थप गरिएको छ।

११. मिति २०८०/०४/१५ गते गरिएको विज्ञापन नं. १२/२०८०/८१ शिक्षक प्रा. शि. मा संख्या-२ (दुई) थप गरिएको छ।

पुनश्चः- *यस विज्ञापनमा भएका यसअघि गत आ. व. २०७९/८० मा विज्ञापन गरिएका पदहरुको हकमा उम्मेदवारहरुले पेश गरेका दरखास्त फारमहरुलाई समेत सामेल गराउने भएकोले सो बखत दरखास्त पेश गरेका उम्मेदवारहरुले आफ्ना कागजातहरु यस विज्ञापनको समयभित्र पुनः अद्यावधिक गराउनु हुन अनुरोध छ। साथै सो बखत तिरेका दरखास्त फारम दस्तुर नै मान्य हुनेछ। तोकिएको समयभित्र कागजातहरु अद्यावधिक हुन नसेकका दरखास्त फारमहरु यस विज्ञापनमा सामेल नहुने व्यहोरा समेत जानकारी गराइन्छ।*

भगवानपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भगवानपुर, सिरहा
मधेश प्रदेश, नेपाल

चन्द्र नारायण चौधरी
प्रमुख प्रशासकीय अधिकृत

**चन्द्र नारायण चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**